# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)


पत्र संख्या :- ०७९/०८०
चलानी नं.:- ८४३

मिति : २०७९/०९/१९

विषय : सूचना टाँस गरिदिने बारे ।

श्री वडा कार्यालयहरु सबै (१-११),
मिथिला नगरपालिका ।

उपरोक्त सम्बन्धमा ने.वि.प्रा.वितरण तथा ग्राहक सेवा निर्देशनालय दरबारमार्ग, काठमाण्डौंबाट मिति २०७९/०९/०६ गत्तेमा प्रकाशित **सडक बत्ती सम्बन्धि अत्यन्त जरुरी सूचना** यसै पत्रसाथ संलग्न गरिएको छ । उक्त सूचना वडा कार्यालयको सूंचना पाटीमा टाँस गरि जानकारी पठाउन हुन अनुरोध छ ।

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

O/C

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रदेश
प्रादेशिक कार्यालय जनकपुर
सखुवा वितरण केन्द्र महेन्द्रनगर, धनुषा

प.सं.२०७९/०८० प्र/च.नं. ४४१

मिति २०७९/०९/१७

श्री क्षीरेश्वरनाथ नगरपालिका (सबै वडा कार्यालयहरु समेत),
श्री मिथिला नगरपालिका (सबै वडा कार्यालयहरु समेत),
श्री बटेश्वर गाउँपालिका (सबै वडा कार्यालयहरु समेत),
श्री लक्ष्मिनिया गाउँपालिका (सबै वडा कार्यालयहरु समेत),

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं.- 3600
मिति 2079/09/18

**बिषय :- सूचना टाँस गरिदिने बारे ।**

उपरोक्त सम्बन्धमा ने.वि.प्रा. वितरण तथा ग्राहक सेवा निर्देशनालय दरवारमार्ग, काठमाडौंबाट मिति २०७९/०९/०६ गते गोरखापत्रमा प्रकाशित **"सडक बत्ती सम्बन्धी अत्यन्त जरुरी सूचना"** त्यस कार्यालय लगायत मातहतका सम्पूर्ण वडा कार्यालयहरुमा टाँस गरिदिन हुन अनुरोध छ । साथै उक्त सूचनाको प्रतिलिपी पाना थान-१ (एक) यसै पत्र साथ संलग्न गरिएको छ ।

9/17

राकेश साह
(नि.वितरण केन्द्र प्रमुख)
नि. वितरण केन्द्र प्रमुख

९/१८

कार्यालय: ०४१-५४०४६१ लेखा: ५४०४५८ प्रशासन: ५४००३१ E-mail:- sakhuwa@nea.org.np

# सडक बत्ती सम्बन्धी अत्यन्त जरुरी सूचना !

**मिति : २०७९।०९।०६**

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) को विद्युत महसुल बक्यौतामा ठूलो हिस्सा सडक बत्तीको रहेको छ। स्थानीय निकायले ने.वि.प्रा.को सहमति नलिई आफूखुसी सडक बत्ती जडान गर्ने क्रम बढ्दो रहेको र सडक बत्तीको विद्युत शक्ति मापन हुन नसक्दा र मापन गरिएको विद्युत खपतको समेत महसुल भुक्तानी नहुँदा ने.वि.प्रा.ले ठूलो नोक्सानी व्यहोर्नुपरेको सन्दर्भमा निम्नानुसार गर्नु/गराउनुहुन सम्पूर्ण महानगरपालिका/उप महानगरपालिका/नगरपालिका/ गाउँपालिका र वडा कार्यालयहरूमा अनुरोध गर्दछौं।

क) सडक बत्तीको बाँकी बक्यौता विद्युत महसुल शीघ्र भुक्तानी गरिदिनुहुन।

ख) ने.वि.प्रा. अन्तर्गतको वितरण केन्द्रहरूको सहमति नलिई ने.वि.प्रा.को विद्युत लाइनबाट सडक बत्ती जडान नगर्नुहुन।

ग) जडित सडक बत्तीको विद्युत खपत मापन गर्न आगामी ४५ दिनभित्र मिटर जडान गर्नुहुन।

घ) सडक बत्ती सम्बन्धी अन्य थप जानकारीका लागि सम्बन्धित वितरण केन्द्रमा सम्पर्क राख्नुहुन।

सडक बत्तीका लागि सिङ्गल फेज इनर्जी मिटर ने.वि.प्रा.ले निःशुल्क उपलब्ध गराउने छ। एउटा सिङ्गल फेज इनर्जी मिटरबाट १०० वाटको ५० वटाभन्दा बढी सडक बत्तीको विद्युत खपत मापन गर्न सकिने हुँदा प्रत्येक सडक बत्तीलाई छुट्टाछुट्टै इनर्जी मिटर उपलब्ध नगराइने र मिटरको क्षमता तथा सडक बत्ती जडान गरेको क्षेत्रको आधारमा सम्बन्धित वितरण केन्द्रसँग समन्वय गरी स्थानीय निकायले छुट्टै केवल तानी सडक बत्तीका लागि मिटर जडान गर्नु/गराउनुहुन समेत अनुरोध छ। तोकिएको समयमा सडक बत्तीमा मिटर जडान नगरेमा वा विद्युत महसुल बाँकी बक्यौता भुक्तानी नगरेमा प्रचलित नियमानुसार कारबाही हुने समेत जानकारी गराउँदछौं।

**नेपाल विद्युत प्राधिकरण**
वितरण तथा ग्राहक सेवा निर्देशनालय